# लालबन्दी नगरपालिका

# स्थानीय राजपत्र

## लालबन्दी नगरपालिकाद्वारा प्रकाशित

**खण्ड-२, संख्या-८, लालबन्दी असार ३० गते, २०७५ साल**

**भाग-१**

**लालबन्दी नगरपालिका**

**लालबन्दी नगरकार्यपालिकाकाको कार्यालय**

लालबन्दी नगरपालिकाको स्थानीय आर्थिक ऐन, २०७४ को दफा २ (क) बमोजिम लालबन्दी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०७५ सालको ऐन नं. ८**



## लालबन्दी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

प्रस्तावना :

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमस्थानीय तहलाई तोकिएकोअधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम लालबन्दी नगरपालिकाको सभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम, विस्तार र प्रारम्भ** :(१) यो ऐनको नाम लालबन्दी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन लालबन्दी नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले लालबन्दी नगरपालिका को प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्फनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले लालबन्दी नगर कार्यपालिका सम्फनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले लालबन्दी नगरपालिका सम्फनु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्फनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्फनु पर्छ ।

**३. नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनुपर्ने कार्यविधि नियमित गर्नको निमित्त लालबन्दी नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्नेविषयमा मात्र बनाउनु पर्नेछ ।

**४.निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने**:(१) संविधान, ऐन तथा यस ऐन अन्तर गत बनेको नियमावलीको अधिनमा रही लालबन्दी नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागूगर्न सक्नेछ ।

प्रमाणीकरण मिति : २०७५/०३/३०

**आज्ञाले,**
**पशुपति महत**
**लालबन्दी नगरकार्यपालिकाको कार्यालयको**
**प्रमुख प्रशासकीय अधिकृत**